# कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या : २०८०/०८१
चलानी नं. १४८

मिति: २०८०।०४।१८

**बिषय: जैविक उर्जा प्रणाली सम्बन्धि कार्यक्रमको माग संकलन सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै (१ देखी ९) कृष्णपुर नगरपालिका,
श्री ईच्छुक संघ, सस्था,
कञ्चनपुर ।

प्रस्तुत विषय सम्बन्धमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्र, मध्य बनेश्वर काठमाण्डौंको संलग्न सुचना अनुसार जैविक उर्जामा आधारित सुचनामा उल्लेखित बिभिन्न कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक कार्यालय, संघ, संस्थाहरुले माग फाराम संग संलग्न गर्नुपर्ने कागजात राखी संलग्न सुचनामा तोकीएको मिति भित्र तोकीएको आवस्यक कागजात यस कार्यालयमा पेश गर्नुहुन जानकारी गराइएको छ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत


"समृद्ध कृष्णपुर नगरको आधार, स्वास्थ्य, शिक्षा, कृषी, उद्योग, पर्यटन र पूर्वाधार"
फोन नं. ०९९-४१२०१९, ४१२०४६, ४१२०४१ ईमेल ito.krishnapurmun@gmail.com, krishnapurmunicipality@gmail.com , Website : www.krishnapurmun.gov.np

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
मध्य बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. १४३६४, फोन नं. +९७७-१४४९८०१३/१४४९८०१४,
इमेल: info@aepc.gov.np

## आ.व. २०८०/८१ मा यस केन्द्र मार्फत् कार्यान्वियन हुने जैविक ऊर्जा प्रणालीहरु सम्बन्धी विभिन्न कार्यक्रमहरुको लागि माग संकलन सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८०।०४।०७**

**निवेदन बुझाउने अन्तिम मिति : २०८०।०४।२८ (कार्यालय समय भित्र)**

यस केन्द्रले चालु आ.व. २०८०/८१ मा जैविक ऊर्जामा आधारित तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। सोका लागि इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

| क्र. सं. | कार्यक्रमको ठिववरण | माग फाराम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु |
|---|---|---|
| १. | हिमाली र उच्च पहाडी जिल्लाहरुमा खाना पकाउन तथा कोठा तताउन लागत साझेदारीमा दुई मुखे फलामे सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रम लागि इच्छुक स्थानीय तहहरुबाट माग संकलन। | १. सम्बन्धित स्थानीय तहको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट र सोको प्रतिवद्धता सहितको पत्र।<br>२. विस्तृत माग फारम (ढाँचा केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने) |
| २. | लागत साझेदारीमा स्वच्छ ऊर्जा कार्यक्रम अन्तर्गत विद्युतीय चुलोको प्रवर्द्धन कार्यक्रम लागि इच्छुक स्थानीय तहहरुबाट माग संकलन। | १. सम्बन्धित स्थानीय तहको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट र सोको प्रतिवद्धता सहितको पत्र।<br>२. भरिएको विस्तृत माग फारम ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने) |
| ३. | केन्द्रको अनुदान सहयोगमा संस्थागत, व्यवसायिक तथा सामुदायिक बायोग्यास प्लाण्ट जडान गर्न इच्छुक संस्थाहरुबाट माग संकलन। | १. सम्बन्धित संस्थाको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र,<br>२. भरिएको विस्तृत माग फारम ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने)<br>३. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र। |
| ४. | केन्द्रको अनुदान सहयोगमा संस्थागत सुधारिएको चुलो र ग्यासिफायर प्रविधिबाट तापीय ऊर्जा प्रयोग गरी लघु, साना र मझौला उद्यमहरुमा कृषि जन्य वस्तुको प्रशोधनको लागि फलामे ग्यासिफायर जडान गर्न ईच्छुक संस्थाहरुबाट माग संकलन। | १. सम्बन्धित संस्थाको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र,<br>२. भरिएको विस्तृत माग फारम ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने)<br>३. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र। |

**यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।**